# दोर्दी गाउँपालिका
## (DORDI RURAL MUNICIPALITY)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executives)
नौथर ,लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश ,नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या / Ref. No : २०८०/०८१
चलानी नं. /Dispatch No :

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रथम पटक प्रकाशित मिति २०८०/११/१३

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस गाउँपालिकाको "व्यबसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८०" को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म गाउँपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा, वित्तीय संस्था वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ (पैतिस) दिनभित्र देहायका विबरण तथा कागजात संलग्न राखी गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यबसायलाई गाउँपालिकाको "व्यबसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८०" को दफा १६ बमोजिम निजबाट लिनुपर्ने व्यबसाय कर असूल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यबसाय बन्दको कारवाही समेत चलाउन सकिनेछ ।

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता/इजाजत प्राप्त गर्नु पर्ने व्यवसाय भएकमा व्यवसाय दर्ता/इजाजत प्रमाणपत्रको प्रतिलिपि ।

(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सर्जमिन मुचुल्का ।

(ङ) यदि व्यवसायको लागि घर/जग्गा भाडामा लिएको भए भाडा करार सम्झौता पत्र ।

(च) व्यवसाय सञ्चालन हुने जग्गाको लालपुर्जाको प्रतिलिपि ।

(छ) व्यबसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)

(ज) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत